# नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) केन्द्रीय परिषद्को दोस्रो बैठक (२०८० माघ १४ र १५ गते) ले पार्टी विधानका सम्बन्धमा गरेका निर्णयहरू

१. महाधिवेशन/अधिवेशनका सबै प्रतिनिधिहरू सम्बन्धित कमिटीले निर्धारण गरेका निर्वाचन क्षेत्रबाट निर्वाचित हुने छन् ।

२. केन्द्रीय कमिटीको सदस्य संख्या १९९ जनाको हुनेछ ।

३. केन्द्रीय कमिटीका पदाधिकारीको संख्या १९ हुनेछ ।

४. केन्द्रीय कमिटी भित्रका संरचनाहरू:

- केन्द्रीय कमिटी
- पोलिटब्युरो
- स्थायी कमिटी

५. केन्द्रीय निकाय:

- राष्ट्रिय महाधिवेशन
- केन्द्रीय कमिटी
- केन्द्रीय अनुशासन आयोग
- केन्द्रीय लेखा परीक्षण आयोग
- केन्द्रीय निर्वाचन आयोग
- केन्द्रीय सल्लाहकार परिषद
- केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्च
- केन्द्रीय परिषद्

६. सबै कमिटीका पदाधिकारी तथा सदस्यहरू महाधिवेशन/अधिवेशनहरूबाट प्रत्यक्ष निर्वाचित हुने छन् ।

७. प्रदेश कमिटीको सदस्य संख्या ७५–९९ सम्म हुनेछ ।

**प्रदेश कमिटी पदाधिकारीहरू–७**

- अध्यक्ष–१
- उपाध्यक्ष–२
- सचिव–१
- उपसचिव–३

८. एक मात्र संघीय निर्वाचन क्षेत्रमा भएका जिल्ला कमिटीहरूको सदस्य संख्या ५५ हुने छन् । एक भन्दा बढी संघीय निर्वाचन क्षेत्र भएका जिल्लाहरूमा प्रत्येक निर्वाचन क्षेत्रबाट १ महिलासहित ३ जना थप गर्ने ।

**जिल्ला कमिटीका पदाधिकारीहरू–७**

- अध्यक्ष–१
- उपाध्यक्ष–२
- सचिव–१
- उपसचिव–३

९. पालिका कमिटीको सदस्य संख्या ४५ कायम गरी पाँच भन्दा बढी वडा भएका पालिकाको हकमा प्रत्येक वडा बाट २ जना थप गर्ने ।

**स्थानीय कमिटीका पदाधिकारीहरू–५**

- अध्यक्ष–१
- उपाध्यक्ष–१
- सचिव–१
- उपसचिव–२

**१०.** वडा कमिटीको सदस्य संख्या बढीमा ३५ हुनेछ ।

**११.** उमेर हद नराख्ने

**१२.** पार्टीका सबै कमिटीहरूमा समावेशीताको सिद्धान्त अनुसार युवाहरूको प्रतिनिधित्व २० प्रतिशत रहनेछ । साथै, सबै कमिटीहरू समावेशी हुनेछन् ।

**१३.** प्रदेशमा आयोगहरू नराख्ने ।

**नोटः** महाधिवेशन/अधिवेशनका प्रतिनिधिहरू चयन गर्ने सम्बन्धित व्यवस्था र मातहका कमिटीका सम्बन्धमा गरेको व्यवस्था सम्बन्धित कमिटीका अधिवेशनदेखी लागु हुनेछन् । बाँकी व्यवस्था महाधिवेशनबाट अनुमोदन भए पश्चात लागुहुनेछन् ।